
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १00% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ २५ गते बुधबार ❑ 8 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## सडकको पार्किङ हटाउँदै पोखरा महानगर

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

पोखरा महानगरपालिकाको सहरी क्षेत्रमा पार्किङ व्यवस्थापन लामो समयदेखिको समस्या हो ।

बढ्दो सवारी चापको तुलनामा व्यवस्थित पार्किङ नहुँदा यातायात व्यवस्थापन जटिल बन्दै गएको छ । सवारी साधन सडकमै पार्किङ हुन थालेपछि यातायातमा समस्या हुन थालेको छ भने यसले दुर्घटनाको जोखिम पनि बढाएको छ । सडकमा बढिरहेको सवारीको चापसँगै सडक दुर्घटना बढ्ने र सवारी आवागमनमा थप कठिनाइ भएपछि महानगरपालिकाले मुख्य सहरी क्षेत्रका सडकमा पार्किङ निषेधको घोषणा गरेको थियो ।

निजी क्षेत्र, यातायात व्यवसायीलगायतको विरोधपछि सो कार्यान्वयन नभए पनि अबदेखि महानगरले खाली रहेका सार्वजनिक तथा निजी जग्गालाई स-शुल्क पार्किङमा उपयोग गर्दै सडक पार्किङ हटाउने योजना बनाएको छ । यसका लागि पोखरा–९ न्यूरोडस्थित पूर्णिमा सिनेमा हल विस्थापन गरी खाली रहेको जग्गामा स-शुल्क पार्किङ सुरु गरिएको छ । महेन्द्रपुल, न्यूरोड, नयाँजबार, पृथ्वीचोक, चिप्लेढुङ्गालगायतका बजार क्षेत्रका खाली जमिनलाई पार्किङमा प्रयोगमा ल्याउने र सडकबाट पार्किङ हटाउने काम सुरु भएको महानगरले जनाएको छ । महानगरले सडकको पार्किङ हटाइएका क्षेत्रमा नियमित चल्ने गरी सटल बसको समेत व्यवस्था गर्ने तयारी गरेको छ ।

महानगर प्रमुख धनराज आचार्यले सडक पार्किङका लागि अब बोलपत्र आह्वान गर्ने र सडकमा पार्किङ गर्ने परम्पराको अन्त्य गरिने बताउनुभयो । "अहिले सडकमा भइरहेको पार्किङवापत कुनै शुल्क उठाएका छैनौँ", उहाँले भन्नुभयो, "अब सडकमा सवारी साधन पार्क गर्ने दिन सकिए ।"

महानगर क्षेत्रमा बनेका भवनका बेसमेन्टलाई पार्किङका लागि उपयोग गर्ने योजना बनाएर भूमिगत तला खाली गर्न सुरु गरिएको छ । महानगरले सूचना जारी गरी भूईँतला खाली गर्न नगरवासीमा आग्रह गरिसकेको छ। सडकको दायाँबायाँ रहेका खाली जग्गासमेत सम्बन्धित जग्गाधनीसँगको समन्वय तथा सहकार्यमा नियमानुसार शुल्क लिने गरी पार्किङकै लागि उपयोग गरिने प्रमुख आचार्यले बताउनुभयो । पोखरा सभागृह र पोखरा प्रदर्शनी केन्द्रमा अर्को व्यवस्था नभएसम्मका लागि निःशुल्क पार्किङको व्यवस्था गरिएको छ । महानगरपालिका क्षेत्रभित्रको पार्किङलाई थप व्यवस्थित बनाउनका लागि सम्बन्धित सरोकारवालासँगको छलफलसमेत जारी रहेको र कुनै पेसा व्यवसाय र वर्गलाई असर नपर्ने गरी पार्किङ व्यवस्थापन गरिने महानगरको भनाइ छ । पोखरा महानगरपालिकाले पार्किङका लागि व्यवस्थापन गरेका स्थानमा पाँच सयभन्दा बढी साना सवारीहरू र चार सयभन्दा बढी मोटरसाइकल तथा स्कुटर पार्किङ गर्नसक्ने क्षमता छ । पोखराको मुख्य बजारक्षेत्र पृथ्वी चोक, सभागृह चोक, न्यूरोड, बिपीचोक, महेन्द्र पुल, नयाँ बजार हुँदै पृथ्वीचोकसम्मको सडकमा दुई सय ५० गाडी र तीन सय ५० मोटरसाइकल पार्किङ गरेको पाइएको छ ।

"सडकमा भइरहेको पार्किङको उपयुक्त विकल्प महानगरसँग छ, सडकमा जतिको सङ्ख्यामा सवारीसाान पार्किङ गरिएका छन्, त्यसको दोब्बर क्षमता महानगरले व्यवस्था गरेका स्थानमा छ", प्रमुख आचार्यले भन्नुभयो, "तत्काल पार्किङ हटाउँदा व्यापार व्यवसायमा असर पर्छ कि भन्ने व्यवसायी साथीको बुझाइ रहेपनि त्यसो हुँदैन ।" मुख्य बजार क्षेत्रमा आवश्यक मात्रामा पार्किङको वैकल्पिक व्यवस्था गरी सडकमा गरिने पार्किङलाई भूमिगत र सडक छेउमा रहेका खाली जग्गामा व्यवस्था गरिने पोखरा–१६ का वडाध्यक्ष एवं महानगर यातायात व्यवस्थापन समितिका संयोजक अमृत शर्मा तिमिल्सिनाले बताउनुभयो । उहाँका अनुसार हाल बजार क्षेत्रको सडकमा भइरहेको पार्किङमा राखिने सवारीको सङ्ख्यालाई पर्याप्त पुग्ने स्थानको खोजी महानगरपालिकाले गरिरहेको छ ।

## फेवातालको संरक्षणमा जलाधार क्षेत्रको महत्वपूर्ण भूमिका : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले फेवातालको संरक्षणमा जलाधार क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभएको छ ।



फेवाताल जलाधार क्षेत्रको संरक्षण गर्ने स्थानीय बासिन्दा फाइदा लिने तल्लो तटीय क्षेत्र भएको उल्लेख गर्दै उहाँले अन्न भण्डार चापाकोट क्षेत्रको उत्पादनलाई लेकसाइड बजार बनाउनुपर्नेमा जोड दिनुभयो । पोखरा २३ मा तेस्रो संस्करणको चापाकोट देउराली सामुदायीक होमस्टे सांस्कृतिक महोत्सव २०७९ सुरु भएको छ । चापाकोट पर्यटन प्रर्वद्धन समितिको आयोजनामा चापाकोट देउरालीमा यही माघ २८ गते सम्म चल्ने उक्त महोत्सव मंगलबार देखि सुरु भएको हो । उक्त महोत्सवको उद्धघाटन गदै गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले पोखरा २३ का जनतालाई फेवातालबाट आम्दानी लिने योजना ल्याउन आग्रह गरे । फेवातालबाट अहिलेसम्म पोखरा ६ र ७ का वडाले बढी आम्दानी गरेको धारणा व्यक्त गर्दै अब पोखरा २३ का जनताले पनि फेवातालबाट फाइदा लिने गरी कुनै योजना ल्याएको खण्डमा त्यसलाई कार्यान्वयन गर्ने उनको भनाई थियो । फेवाताल जोगाउन पोखरा २३ का वडाबासीको महत्वपूर्ण भुमीका रहेको उल्लेख गर्दै मुख्यमन्त्री अधिकारीले ताल संरक्षण सहित त्यसबाट लाभ समेत लिन सक्नुपर्ने बताए । अरुको देशमा उत्पादन भएको खाद्य पदार्थमा मात्र भर नपरी नेपालमा नै कृषि उत्पादन बढाउने गरी व्यवसायीक कृर्षि कर्म गर्न उनको सुझाव थियो ।

प्रदेशका निवर्तमान सांसद राजिव पहारीले पोखरा २३ को विकाससको लागि आफुले पहल गरेको बताए । पोखरा २३ का वडा अध्यक्ष रामकाजी गुरुङले मेला महोत्सवले वडाको विकासमा सहयोग हुने बताए । समाजसेवी शिवलाल पराजुली, महोत्सव संयोजक चेतनाथ देवकोटा, चापाकोट पर्यटन प्रर्वद्धन समिति अध्यक्ष भिम पराजुली लगायतले कार्यक्रममा वोलेका थिए । महोत्सवमा २५ हजार भन्दा बढीले अवलोकन गर्ने चापाकोट पर्यटन प्रर्वद्धन समिति अध्यक्ष भिम पराजुलीले बताए । महोत्सवमा नौमती बाजा, भजन प्रतियोगिता, रत्यौलि लगायतका प्रतियोगिता हुदै छ । विभिन्न प्रतियोगितामा प्रथम हुनेलाई जनही ३३ हजार ३ सय ३३ द्धितिय हुनेलाई जनही २२ हजार २ सय २२ तृतिय हुने जनहीलाई ११ हजार १ सय ११ र सान्त्वना हुनेलाइ ५ हजार ५ सय ५५ ले पुरस्कृत गरिने भएको छ । पुरुष दौड प्रतियोगितामा पहिलो हुनेलाई ५ हजार द्धितिय हुनेलाई ३ हजार रुपैयाँ तितृय हुनेलाई २ हजार रुपैयाँ सान्तवना हुनेलाइ १ हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको छ । महिला दौड प्रतियोगिमा पहिलो हुनेलाई ५ हजार द्धितिय हुनेलाई ३ हजार रुपैयाँ तितृय हुनेलाई २ हजार रुपैयाँ सान्तवना हुनेलाइ १ हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको छ । बाल नृत्यमा पहिलो हुनेलाई २ हजार ५ सय सुपैयाँ द्धितिय हुनेलाई २ हजार रुपैयाँ तितृय हुनेलाई १ हजार ५ सय रुपैयाँ सान्तवना हुनेलाइ १ हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको छ ।

दुना टपरी बुन्ने प्रतियोगितामा प्रथमहुनेलाई २ हजार द्धितिय हुनेलाई १ हजार ५ सय तितृय हुनेलाई १ हजार र सान्तवना हुनेलाई ५ सय रुपयाँले सम्मान गरिने भएको छ । झाँकी प्रतियोगितामा प्रथम हुनेलाई ५ हजार द्धितिय हुनेलाई ३ हजार तितृय हुनेलाई २ हजार रुपैयाँ र सान्त्वना हुनेलाई १ हजार रुपैयाँले सम्मान गरिएको छ ।

## दृष्टिविहिन शिक्षकहरुका लागि संचालित एडभान्स आइसिटि तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

कास्केली दृष्टिविहिनहरुको छाता संस्था कास्की नेत्रहिन संघको आयोजना र नेलम्बु नेपालको आर्थीक सहयोगमा दृष्टिविहिन शिक्षकहरुका लागि ४ दिने एडभान्स् आइ.सि.टि तालिम मंगलबार पोखरामा सम्पन्न भएको छ ।




कास्की नेत्रहिन संघका अध्यक्ष श्रीकान्त सापकोटाको अध्यक्षता र पोखरा महानगरपालिका शिक्षा महाशाखाका निर्देशक हेम प्रसाद आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न तालिम समापन कार्यक्रममा तालिमका सहभागिहरु छबि आले र सुनिता ज्ञवाली, पृथ्वी नारायण क्याम्पस पुस्तकालय प्रमुख किसोर सुबेदी, नेलम्बु नेपालका स्वास्थ्य प्रबर्धन अधिकृत निर्मला देबकोट र तालिमकका प्रशिक्षक तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, गण्डकी प्रदेशका अध्यक्ष खोमराज शर्माले आफ्ना भनाइ राखेका थिए ।

सनिबार देखी सुरु भएको उक्त ४ दिने तालिममा पोखराका विभिन्न विद्यालयमा कार्यरत ९ जना दृष्टिविहिन शिक्षकहरु र ३ जना उच्च शिक्षा अध्ययनरत


बाँकी अन्तिम पृष्ठमा ▶▶


## गोर्खा भर्तीसम्बन्धी रिट खारेज

**रासस**
काठमाडौं, २४ माघ

सर्वोच्च अदालतले सन् १९४७ को गोर्खा भर्तीसम्बन्धी सन्धि खारेज गर्नुपर्ने माग गर्दै दायर गरिएको रिट निवेदन खारेज गरेको छ ।

न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र सुष्मालता माथेमाको इजलासले आज उक्त रिट निवेदन खोरज गरेको हो । अदालतको पूर्णपाठ भने तयारी गर्न बाँकी छ । ब्रिटिस गोर्खा भूतपूर्व सैनिक सङ्घका तर्फबाट पदमसुन्दर लिम्बू र उत्तमप्रसाद राईले गोर्खा भर्तीसम्बन्धी सन्धिको खारेज गर्न माग गर्दै २०७४ जेठ २६ गते रिट निवेदन दायर गर्नुभएको थियो ।

नेपाल, भारत र बेलायतबीच सन् १९४७ मा त्रिपक्षीय सन्धि भएको थियो । यसअन्तर्गत अहिले भारत र बेलायतका गोर्खा रेजिमेन्टमा नेपाली युवा भर्ती हुँदै आएका छन् । नेपाल सरकार, भारत सरकार र बेलायत सरकारसँग गोर्खा भर्ती नेपालीको हितमा नरहेको, असमान र विभेदकारी रहेको उल्लेख गर्दै उक्त सन्धि खारेजीको माग निवेदनमा थियो ।

## बृद्धाश्रमका लागि अत्यावश्यक स्वास्थ्यकर्मी तथा स्वास्थ्य सामाग्री उपलब्ध गराउने

**पोखरापत्र संवाददाता**
पाखरा, २४ माघ

गण्डकी प्रदेश सरकार, सामाजिक बिकास तथा स्वास्थ्यमन्त्री पञ्चराम गुरुङ्गले पोखरा बृद्धाश्रमका लागि आवश्यक पर्ने अत्यावश्यक स्वास्थ्यकर्मी तथा स्वास्थ्य सामाग्री उपलब्ध गराउने भएका छन् ।




पोखरा बृद्धाश्रममा स्थापना गरिएको मेडिकल ल्याबोटरीको सोमबार उद्घाटन गर्दै मन्त्री गुरुङ्गले उक्त कुरा बताएका हुन् । उद्घाटन मन्तब्य ब्यक्त गर्दै मन्त्री गुरुङ्गले असहाय, बेवारिसे र अशक्त ज्येष्ठ नागरिकहरुको हेरचाह, पालनपोषण र उपचार सरकारले जिम्मा लिनु पर्ने भएता पनि पोखरा बृद्धाश्रम जस्ता स्वयमसेवी संस्थाले सो कार्य गरेकोमा प्रशंसा गरेका थिए ।

उद्घाटन मन्तब्यका क्रममा मन्त्री गुरुङ्गले आश्रमलाई अत्यावश्यक पर्ने सरसफाईका सामाग्री, संचालनका लागि आवश्यक पर्ने सामग्री खरिदका लागि सहयोग गर्न मन्त्रालयले कुनै कसर बाकी नराख्ने बताएका थिए । हाल संघीय सरकारको अनुदान रकम उपलब्ध भए पछि आश्रमले ल्याबका स्वास्थ्य सामग्री खरिद गरेको कुरा आश्रमका अध्यक्ष तथा राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका केन्द्रीय सचिव कुसुम केशव पराजुलीले जानकारी दिएका थिए ।

गत आर्थिक बर्षमा सामाजिक बिकास मनलयले ज्येष्ठ नागरिकहरुलाई लाग्ने अल्जाईमर रोग स्क्रिनिङ्ग टेष्ट कार्यक्रम संचालन गर्न रु.७ लाख बजेट बिनियोजन गरेको र उक्त कार्यक्रम सामाजिक बिकास कार्यालय मार्फत संचालन भएको छ । आश्रम हातामा रहेका ज्येष्ठ नागरिकका अतिरिक्त गण्डकी प्रदेशका अल्जाईमर पीडित ज्येष्ठ नागरिकहरुलाई पोखरा बृद्धाश्रममा ल्याएमा निशुल्क टेष्ट गरिने जानकारी समेत आश्रमका सचिव धर्म बहादुर तमुले दिएका थिए ।

यसै गरी ज्येष्ठ नागरिक तथा गृहिणिहरुलाई लक्षित गरि संचालन गरिएको आय आर्जन कार्यक्रममा सहभागि प्रशिक्षार्थीहरुलाई सहभागिताको प्रमाण पत्र समेत प्रमुख अतिथिबाट बितरण गरिएको थियो । सो अवसरमा आश्रमको लागि आवश्यक पर्ने १५ थरीका अचार उत्पादन र बढि भएको खाद्य पदार्थ बिक्री गर्न सकिने बताइएको थियो । आश्रमका सहकोषाध्यक्ष सुजन लामाले उक्त अवसरमा श्रृजनशील कार्यमा सहयोग पुऱ्याउनु हुने सहजकर्ता काशी गुरुङ्ग, कार्यक्रम संयोजक सीता काफ्ले, सहभागी मन्दीरा पराजुली लगायतले अतिथिहरुलाई धन्यवाद ज्ञापन गरेका थिए ।

# बिटी कपको बुधबारदेखि प्रिक्वाटरका खेल

पोखरापत्र संवाददाता
पोखरा, २४ माघ

पोखरामा जारी बुद्धटोल युवा क्लबद्वारा आयोजित १६ औं बिटी कप छैटौं विरेन स्मृति सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगितामा मंगलबार पहिलो चरणका खेल सम्पन्न भएका छन् ।



पोखरा महानगरपालिका १ पुरानो टुडिखेल मैदानमा आज (मंगलबार) भएको पहिलो खेलमा गार्डेन एफसीले दिव्यज्योती क्लबलाई २ -१ गोल अन्तरले पराजित गर्यो । गार्डेनको जितमा सागर गुरुङ र प्रनिश गुरुङले समान १/१ गोलको योगदान दिए । भने दिव्यज्योतीको लागि राजन थापाले सान्त्वना १ गोल फर्काए । यस्तै खेल संयोजक विनोद गुरुङका अनुसार दोस्रो खेलमा युडिटीसिएल एफसीलाई एनएमसिवाईले १-० गोल अन्तरले हरायो । एनएमसिवाईको जितमा सुजन गुरुङले निर्णायक १ गोल गरे । तेस्रो खेलमा सुनगाभा क्लबको अनुपस्थितिमा काउवेज ग्याङले वाकओभरमार्फत विजयी हाँसिल गर्यो । चौथो खेलमा घाचोकक्लबलाई सागर एफसीले १-० गोल अन्तरले हराउँदै प्रिक्वाटरफाइनलमा सागर एफसी प्रवेश गर्यो । सागर एफसीको जितमा महेन्द्र गुरुङले निर्णायक गोल गरे । पाँचौ खेलमा नयाँगल्ली एफसीलाई लाँलीगुँरास क्लब धम्पुले ४-१ गोल अन्तरले सहजै जित निकाल्यो । धम्पुसको जीतमा साजन मगरले २ गोल र दिपेश क्षेत्री र समिर परियारले समान १/१ गोलको योगदाद दिए । भने नयाँगल्लीको लागि निश्चल गुरुङले सान्त्वना १ गोल फर्काए ।

छैटौं खेलमा उद्धब एफसीले टुडिखेल एफसीलाई २-० गोल अन्तरले पाखा लगायो र उद्धबको जितमा सन्देश भुजेल र सबिन मगरले समान १/१ गोलको योगदान दिए । सातौ खेलमा हरिचोक युनाइटेड क्लबले पोखरा म्युजिकल हाउसलाई १-० गोल अन्तरले पराजित गर्यो ।

हरिचोक युनाइटेको जितमा छबिन्द्र गुरुङले निर्णायक गोल गरे । मंगलबार भएको अन्तिम खेलमा लामागाँउ एफसीले पिएन क्याम्पसमाथी ५-० गोल अन्तरले जित निकाल्यो । खेल संयोजक गुरुङका अनुसार बुधबारदेखि प्रिक्वाटरका ८ खेल हुनेछन् । आगामी फागुन १ गतेसम्म सञ्चालन हुने सो प्रतियोगिताको विजेतालाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ६१ हजार १ सय ५१ रुपैया प्रदान गरिने क्लबका अध्यक्ष असिम थापाले जानकारी दिए । उनका अनुसार उपविजेताले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख १ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई ट्रफि सहित ८ हजारद्वारा पुरस्कृत गरिनेछ । अध्यक्ष थापाले उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई जनही ६/६ हजार रुपैयाँ र ट्रफि प्रदान गरिने बताए । यस्तै अनुशासित एक टिमलाई ९ हजार र ट्रफि प्रदान गरिने छ । प्रतियोगितामा क्वाटरफाइनलका खेलबाट एक जना खेलाडीलाई म्यान अफ द म्याचको ट्रफी र नगदले पुरस्कृत गरिने आयोजकले जनाएको छ ।

# पोखराले कोसेली दिन हस्तकलाका सामग्री बनाउनु पर्छ : निर्देशक आचार्य

पोखरापत्र संवाददाता
पोखरा, २४ माघ

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) गण्डकी प्रदेश कार्यालयका निर्देशक प्रमोदभक्त आचार्यले सुन्दर पर्यटकीय सहर पोखराले पाहुनालाई कोसेली दिनका लागि हस्तकलाबाट उत्पादित सामग्री बनाउन आवश्यक रहेको जनाएका छन् ।



प्रत्यक्ष अवलोकनमा आधारित हस्तकला तथा सिप विकास तालिम प्रदर्शनीका ४० जना प्रशिक्षार्थीलाई महिला सिप विकास संस्थामा आयोजित प्रमाणपत्र वितरण समारोहमा आचार्यले गण्डकी प्रदेशमा कस्तो प्रकारको सिप सिकाउँदा पूर्ण रूपमा उद्यमी भई आत्मनिर्भर र आर्थिक उपार्जनमा टेवा पुग्छ भन्ने विषयमा परिषद् चनाखो रहेको हुँदा महिला उद्यमीका हातबाट बनाइएका सामग्रीको बजारीकरण तथा बिक्री प्रवर्द्धनका लागि सहकार्य गर्न प्रतिबद्ध रहने बताए । आचार्यले थपे 'महिला दिदीबहिनीले तालिमपछि उद्यमी बनेर जीवनस्तरमा परिवर्तन आएको देख्न चाहेको छु ।' सिप परीक्षणको प्रमाणपत्रका साथै प्रशिक्षकलाई पहिचान गरी प्रमाणपत्र दिने कार्यमा परिषद्ले काम गर्दै आएको जानकारी दिए । कास्की पोखरा हस्तकला संघकी अध्यक्ष रामकली खड्काले सिप सिकाउँदैमा मात्रै महिलाको जीवनस्तर उठ्दैनु, सिकेको सिपलाई निरन्तरता दिनुपर्छ । तालिमलाई प्रमाणपत्रमा मात्रै सीमित नराखी व्यवहारमा उतारेर उद्यमी बन्न आग्रह गरिन । स्थानीय कच्चा पद्धार्थको सदुपयोग गरी थोरै मकैको खोस्टाबाट पनि आयआर्जन गरी सम्पूर्ण परिवार पाल्न सकिने बताइन् ।

गुडिया कुसन र मकैको खोस्टाबाट सामग्री बनाउने तालिम १२ दिनको ७२ घण्टा छोटो अवधि भएकाले सिपमा निखारता ल्याउन र उद्यमशील बनाउन यसलाई तीन महिने बनाउनुपर्ने, तालिमपछि प्रमाणपत्रको सदुपयोग गर्दै सिर्जनशील बन्नुपर्ने, महिला उद्यमीले तयार गरेका वस्तुको बजारीकरण र प्रवर्द्धन गर्न आवश्यक रहेको धारणा वक्ताहरूले मन्तव्यका क्रममा राखेका थिए ।

कार्यक्रममा अन्नपूर्ण बहुप्राविधिक शिक्षालकी प्राचार्य मोतीमाया सुवेदी, पोखरा उद्योग वाणिज्य संघकी वित्त तथा लेखा प्रमुख सरिता ताम्राकार, कास्की पोखरा हस्तकला संघकी संस्थापक उपाध्यक्ष हिरा भट्टराई, उपाध्यक्ष सीता गुरुङ, विधाता हस्तकला तथा प्राविधिक तालिम केन्द्रकी मुख्य प्रशिक्षक सविता श्रेष्ठ, प्रशिक्षक हिमकुमारी पुन, प्रशिक्षार्थी सितादेवी पौडेलले सिप सिकाईको महत्व, सिप हस्तान्तरण, महिला सशक्तिकरणका विषयमा बोलेका थिए । पोखरा उद्योग वाणिज्य संघद्वारा गत मंसिर १६ गतेदेखि २५ गतेसम्म पोखरा प्रदर्शनी केन्द्रमा आयोतित समृद्धि स्टिल्स राष्ट्रिय औद्योगिक व्यापार मेला-२०७९ सन्दर्भमा प्रत्यक्ष अवलोकनमा आधारित गुडिया कुसन तथा मकैको खोस्टाबाट बनाइने हस्तकलाका सामग्रीको तालिम सञ्चालन भएको थियो ।

मेलामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् गण्डकी प्रदेश कार्यालय, अन्नपूर्ण बहुप्राविधिक शिक्षालय ढिकुरपोखरीसँग कास्की पोखरा हस्तकला संघले सहकार्य गरेको थियो । कास्की पोखरा हस्तकला संघकी अध्यक्ष रामकली खड्काको सभापतित्वमा सम्पन्न प्रमाणपत्र वितरण समारोहमा संघकी सदस्य सविता श्रेष्ठले स्वागत मन्तव्य राखेकी थिइन भने सचिव बुद्धिबहादुर पुर्जाले कार्यक्रम सञ्चालन गरेका थिए ।

# दृष्टिविहिन...

विद्यार्थीहरुको सहभागिता रहेको थियो । सूचना प्रविधिको क्षेत्रमा विकास भएका पहुँच युक्त एप्लीकेशन, एसिस्टिभ डिभाइसहरु लगायतका विषयमा अभिमुखिकरण गराइ दृष्टिविहिन शिक्षकहरुको कार्य सम्पादनलाइ प्रभावकारी बनाउने उद्धेश्यले आयोजित तालिमको सहजिकरण राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, गण्डकी प्रदेशका अध्यक्ष खोमराज शर्माले गरेका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका शिक्षा महाशाखाका निर्देशक हेम प्रसाद आचार्यले महमानगरपालिकाले संचालन गर्नु पर्ने तालिम कास्की नेत्रहनि संघले गरेर सरकारलाई सघाएकोमा खुसी व्यक्त गर्दै सूचना प्रविधिको प्रयोग मार्फत साङ्क शिक्षकको भन्दा पनि दृष्टिविहिन शिक्षकहरुको शिक्षणबाट विद्यार्थीहरुले धेरै लाभ लिन सक्ने कुरामा जोड दिए ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, गण्डकी प्रदेशका अध्यक्ष खोमराज शर्माले सूचना प्रविधिमा पहुँच हुँदा दृष्टिविहिनहरुको सिकाइ सहजिकरणमा फलदायी र प्रभावकारी हुने बताए ।

कास्की नेत्रहिन संघका अध्यक्ष श्रीकान्त सापकोटाले दृष्टि विहिन तथा न्युन दृष्टियुक्त शिक्षकहरुका लागि तिन महिने अंग्रेजी भाषा तालिम, तिन महिने सूचना प्रविधि तालिम संचालन गर्न चाहेको तर स्रोतको अभावले गर्न नसकेको बाध्यता धारणा राखे ।

नेलम्बु नेपालका स्वास्थ्य प्रबर्धन अधिकृत निर्मला देबकोटले नेलम्बुले आगामी दिनमा संस्था संग थप सहकार्य गरेर अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गरे ।


## भारतीय राजदूतावास
## पेन्सन वितरण कार्यालय, पोखरा

सत्यमेव जयते

## दरभाउ उपलब्ध गराइदिने सम्बन्धमा ।

भारतीय राजदुतावास, पेन्सन वितरण कार्यालय पोखरामा, रेट कन्ट्रेक्ट/एग्रीमेण्ट भएको मितिबाट कम्तीमा एक वर्षको लागि निम्न लिखित सामाग्रीहरुको आवश्यकता परेको हुनाले, दर,भाउ (Rate Contract) इन्छुक फर्म वा कम्पनीले यस कार्यालयमा मिति १३ फेब्रुवरी २०२३ दिनाङ्क (०१ फागुन २०७९) सम्ममा उपलब्ध गराइदिनुहुन् यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:
अ) भवन मर्मत र संहार सम्बन्धी सामाग्री ।
आ) खानेपानी आपूर्ति सम्बन्धी सामाग्री ।
इ) इलेक्ट्रिकल/ विद्युतीय सम्बन्धी सामाग्री ।

नोटः आवश्यक पर्ने सामाग्रीहरुको विवरण र कन्ट्रेक्ट / एग्रीमेण्टको नियमहरु यस कार्यालयको प्रशासन शाखा वा इमेलबाट प्राप्त गर्न सकिने छ ।

सम्पर्क नं. ०६१-४३२८०४
०६१-४३२८०५

Email: oicpok.pokhara@mea.gov.in

सहायक सहचारी र कार्यालय प्रमुख
भारतीय राजदुतावास
पेन्सन वितरण कार्यालय, पोखरा


# नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघको नवौं वार्षिक साधारणसभा चितवनमा हुने

पोखरापत्र संवाददाता
पोखरा, २४ माघ

नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघको दशौं वाषिकोत्सव तथा नवौं वार्षिक साधारण चितवनमा हुने भएको छ ।

महासंघको दशौं वार्षिकोत्सव तथा नवौं वार्षिक साधारणसभा माघ २६ गते चितवनको पार्क सफारी रिसोर्टमा हुने महासंघका महासचिव किसान सुनारले जानकारी दिए । 'संघीयता कार्यान्वयन भएसँगै पहिलो पटक महासंघको वार्षिकोत्सव तथा नवौं वार्षिक साधारणसभा राजधानी बाहिर गर्दै छौं, सुनारले भने, 'राजधानी बाहिर पहिलो पटक हुन लागेको साधारणसभालाई विधान केन्द्रित महाधिवेशन भनेका छौं ।' उनले विधान संशोधन गर्दै प्रदेश गठनलाई तिव्रता दिने बताए । 'संघीयताको भावना अनुसार महासंघलाई अगाडी बढाउन साधारण सभाले पहिलो पटक संघीयताको मर्मअनुसार विधान संशोधन गर्दै छौं, विधान संशोधनसँगै साधारण सभाले चिवतन घोषणा पत्र समेत जारी गर्नेछ ।' महासचिव सुनारले भने । 'स्वच्छ व्यवसायः सम्मानित व्यवसायी' मूख्य नारा लिएको नेपाल सुन चाँदी रत्न तथा आभुषण महासंघले कानूनहरुको पूर्ण पालन गर्दै व्यवसायलाई स्वच्छ र पाददर्शी बनाएर प्रत्येक व्यवसायीले आफ्नो व्यवसाय प्रति गौरव गर्ने र सम्मानित व्यवसायी भएको अनुभुति गर्न सक्ने अवस्थाको सिर्जना गर्ने महासंघको अभियान छ ।

महासंघको दशौं वार्षिकोत्सव तथा नवौं वार्षिक साधारणको उद्घाटन बाग्मति प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले गर्ने कार्यक्रम तय भएको आभुषण महासंघले जनाएको छ । साधारणसभामा भरतपुर महानगरपालिकाका प्रमुख रेनुका दाहाल, प्रमुख जिल्ला अधिकारी, नेपाल उद्योग वाणिज्य संघका केन्द्रिय अध्यक्ष, नेपाल चेम्बर अफ कमर्शका केन्द्रिय अध्यक्ष, नेपाल सुनचाँदी व्यवसायी महासंघका केन्द्रिय अध्यक्ष लगायत अतिथिहरुको सहभागिता रहने छ भने, देशभरका २ सय बढी संस्थागत प्रतिनिधिहरुको सहभागिता रहने महासंघले जनाएको छ ।

२०६९ माघ २७ गते स्थापना भएको नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघ मुलुकभरका गहना व्यवसायीहरुको प्रतिनिधिमूलक अग्रज संघीय संस्थाको रुपमा स्थापित भएको छ । महासंघ स्थापना हुनु भन्दा अगाडी मुलुकमा गहना व्यवसायीहरुका समानस्तरका धेरै संघहरु भएकाले ती सबैको प्रतिनिधिमूलक संघीय संस्थाको आवश्यकता महशुस गर्दै महासंघको स्थापना गरिएको जनाइएको छ ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।




## कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

**सम्पादकीय**

# अन्योलमा सुदूरपश्चिम सरकार

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री राजेन्द्रसिंह रावल नेतृत्वको सरकार एक महिनामै ढल्ने अवस्थामा पुगेको छामुख्यमन्त्री रावल बुधबार विश्वासको मत लिने तयारीमा छन् । तर, मुख्यमन्त्री नियुक्त हुँदा साथ दिएको निर्णायक शक्ति नागरिक उन्मुक्ति पार्टी भने वर्तमान सत्ता गठबन्धनसँग चिढिएकोछ । नागरिक उन्मुक्तिले प्रदेश सरकारलाई विश्वासको मत दिन टीकापुर घटनाका राजबन्दीको रिहाइ र मुद्दा फिर्तालाई बटमलाइन बनाएको छ । तर, १० वर्ष अगाडि दोषी ठहर भएका नागरिक उन्मुक्तिका सांसद अरुणकुमार चौधरी पक्राउ परेपछि उक्त पार्टी वर्तमान सरकारलाई विश्वास गर्ने अवस्थामा छैन । जसकारण उसले विश्वासको मत दिने सम्भावना पनि घटेको छ ।

उसका सातजना प्रदेशसभा सदस्य मंगलबार रेशम चोधरीलाई भेट्न डिल्लीबजार कारागार पुगेका थिए । कारागारमा चौधरी र सातजना सांसदबीच घण्टौंसम्म छलफल चल्यो । छलफलमा रेशमले आफ्ना सांसदलाई एमाले नेतृत्वको सुदूरपश्चिम सरकारलाई विश्वासको मत दिन तयार छैनन् । नागरिक उन्मुक्ति पार्टीका सबै प्रदेशसभा सदस्य काठमाडौं पुगेका छन । कारागारमा भएको छलफलमा रेशमले आफू रिहा नहुँदासम्म सरकारमा नजान र विश्वासको मत पनि नदिन प्रदेशसभा सदस्यलाई आग्रह गरेको समाचार आएका छन । प्रदेश सभाका सदस्यहरू विश्वासको मत दिन सकारात्मक भएपनि हाइकमाण्ड रेशम चौधरीको रिहाइ नभएसम्म विश्वासको मत दिन नहुने पक्षमा छन । एमाले अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नागरिक उन्मुक्तिका नेताहरूसँग सहमति जुटाउन प्रयासरत छन ।

मुख्यमन्त्री रावलले २६ माघभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यता छ । उनले एक दिन अगाडि नै प्रदेशसभाको बैठक आह्वानका लागि आग्रह गरिसकेका छन् । सोहीअनुसार बुधबार प्रदेशसभा बैठक बोलाइएको छ । नागरिक उन्मुक्तिले विश्वासको मत नदिए नेकपा (एमाले) नेतृत्वको प्रदेश सरकार ढल्ने लगभग पक्का छ । रावल एमालेका १०, माओवादी केन्द्रका ११, नागरिक उन्मुक्ति पार्टीका सात र राप्रपाका एक गरी २९ जना प्रदेसभा सदस्यको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका थिए । ५३ सदस्यीय प्रदेशसभा रहेको सुदूरपश्चिममा विश्वासको मतका लागि मुख्यमन्त्री रावललाई कम्तिमा २७ जना प्रदेशसभा सदस्यको साथ आवश्यक छ । प्रदेशसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी) र एकजना स्वतन्त्र भने विपक्षमा छन् । कांग्रेसका १९ र एकीकृत समाजवादीका चाजना प्रदेशसभा सदस्य छन् ।

मुख्यमन्त्री नियुक्त हुँदा जसरी नागरिक उन्मुक्तिले साथ दिएको थियो, सोहीअनुसार उसले विश्वासको मत पनि दिने एमालेको विश्वास छ । सभामुखलाई मतदान गर्दा पनि नागरिक उन्मुक्तिले निर्णय गरेको थिएन । अहिले पनि निर्णय नगरे पनि हामीलाई विश्वासको मत दिने विश्वास एमालेको छ । विश्वासको मत लिन भएको ढिलाइले मन्त्रिमण्डल बिस्तार पनि हुन सकेको छैन । नेकपा (माओवादी केन्द्र) सुदूरपश्चिमका संसदीय दलका नेता खगराज भट्ट र एमाले प्रदेशसभा सदस्य सन्तोषकुमारी शर्मा थापा मन्त्रीमा नियुक्त भएको पनि उनीहरुको लागि अझै मन्त्रालय तोकिएको छैन ।नागरिक उन्मुक्ति निर्णायक रहेका कारण सरकारको भविष्य उसले लिने निर्णयमा निर्भर हुनेछ ।

# सामुदायिक विद्यालयमा विद्यार्थी घट्दा वृद्ध भण्डारीमा चिन्ता

–हरि बास्तोला

पाखरा, २४ माघ

कुनैबेला आँपको चौतारमा पठनपाठन हुने गरेको पोखरा महानगरपालिका वडा नं १७ महतगौडामा अहिले भने सामुदायिक विद्यालयमा नै माध्यमिक तहसम्मको शिक्षासँगै बनबिज्ञान समेतको अध्ययन अध्यापन भैरहेको छ ।

शिक्षाको अपरिहार्यता महसुस गर्दै यहाँका स्थानीयवासी आजभन्दा झण्डै छ दशक अघिसम्म यहाँका आँपका चौतारा हुँदै खरले छायको छाप्रोमा पढ्ने गरेकोमा अहिले भने भौतिक रुपमा सुविधासम्पन्न जानकी माध्यमिक विद्यालयमा पठनपाठन भैरहेको छ । आँपको चौतामा पढाइभैरहँदा घाम तथा पानीको समस्या परेपछि तत्कालीन समयमा घरघरबाट चारमुठा खर र एउटा बाँस संकलन गरी छाप्रो बनाएर पढाउन थालिएको ८८ वर्षीय चुडामणि भण्डारीलाई झलझल्ती याद आउँछ ।

आफ्नो समयमा गाउँमा पठनपाठन सुरु नहुँदा दोपहरे मामाको घरमा बसी कृष्तीनाच्ने चौरमा बाह्रखरी पढेको अनुभव सुनाउँदै उहाँले त्यसै प्रेरणाबाट गाउँमा विद्यालय खोल्नका लागि सकृयता बढाइएको बताउनुभयो । विसं २०२३ तिर गाउँमा नै पढाउनुपर्ने आवश्यकता महसुस गरी आँपको चौतारामा पढाउन थालिएको र पछि व्यवस्थित गराउँदै लैजाने क्रममा खर तथा बाँसको प्रयोग गरी छाप्रो बनाइएको उहाँले सुनाउनुभयो ।

विद्यालयले संस्थागत रुपमा भने झण्डै डेढ दशक पछि मात्रै २०३५ सालमा सरकारी मान्यता प्राप्त गरेको हो । विद्यालय रहेको जग्गा सम्बन्धमा पनि लामो समयसम्म विवाद भएको



स्मरण गर्दै भण्डारीले त्यसका सम्बनधमा आँफू लगायतले ११ वर्षसम्म तारिक बोक्नुपरेको दुःखेसो सुनाउनुभयो ।

"यहाँको विद्यालय स्थापना गर्न महतगौंडावासीको धेरै श्रम र पसिना खर्चिएको छ", उहाँले भन्नुभयो, "दुःख गरेर बनाएको विद्यालयमा पछिल्ला वर्षमा विद्यार्थी संख्या घट्नु चिन्ताको विषय बनेको छ ।"

गाउँका स्थानीयले निजी विद्यालयमा आफ्ना बालबच्चा पठाउन थालेका कारण पनि सामुदायिक विद्यालयमा केवल विपन्न, मजदुरका बालबालिका मात्रै पढाउने प्रचलन बढ्नुले राज्यको शिक्षाप्रतिको लगानी पनि अवमूल्यन भएको उहाँको भनाइ छ । महतगौडाकै ९४ वर्षीय चन्द्रकान्त भण्डारी आँफूहरूले पढ्न नपाएपनि सन्ततीका लागि शिक्षाको उज्यालो घाम लागोस् भन्ने उद्देश्यले विद्यालय खोलेको बताउनुहुन्छ । "तत्कालीन समयमा धनञ्जय भण्डारी तत्कालीन गाउँ मुखीया, देवदत्त भण्डारी , दानबहादुर मगर, धनराज सुवेदी, प्रेमलाल भण्डारी, नरहरि भण्डार ी,जितबहादुर भण्डारी,धर्मदत्त भण्डारी लगायतको विद्यालय खोल्नमा ठूलो योगदान छ", उहाँले भन्नुभयो, "समाजलाई सचेत बनाउनका लागि गरिएको प्रयासले यस क्षेत्रको शिक्षाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।" तत्कालीन समयमा कसैको गाइबस्तुले खेतबाली खाइदिएमा तिर्नुपर्ने अर्मल समेत सम्बन्धित व्यक्तिले नलिइ स्कुल सञ्चालनका लागि जम्मा गर्ने गरेको उहाँले स्मरण गराउनुभयो ।

**वन विज्ञान पढाई सञ्चालन**

पछिल्लो समय सामुदायिक विद्यालयले प्राविधिक शिक्षामा जोड दिइरहेको वर्तमान अवस्थामा यस विद्यालयमा तीन बर्षे वन विज्ञानको पढाई सञ्चालन गरिएको छ । गण्डकी वहुप्राविधिक शिक्षालयको सहकार्यमा सिटिभिटीको अनुमति प्राप्त गरेर कास्कीमा पहिलो वन विज्ञान पढाई शुरु गरिएको यस सामुदायिक विद्यालयमा पहिलो बर्षमा १६ जना विद्यार्थी र आठ जना शिक्षक शिक्षिका अध्ययन अध्यापनमा आवद्ध हुनुहुन्छ ।

तीन बर्षको कोर्षका लागि कूल एक लाख २५ हजार शुल्क लिने गरिएको वन विज्ञान कार्यक्रम संयोजक शंकरराज भण्डारीले जानकारी दिनुभयो । विद्यालयको नयाँ भवनमा सञ्चालन गरिएको पढाईलाई प्रभावकारी एवम् गुणस्तरीय वनाउन पोखरा महानगरपालिकाले प्रयोगशाला स्थापनार्थ १५ लाख रुपैया वजेट विनियोजन गरेको छ । विद्यालयमा कूल तीन सय ५७ जना विद्यार्थी अध्ययरत छन् ।

**पढदै सिप सिक्दै विद्यार्थी**

कापी कलम लिने विद्यार्थीका कलिला हातले चक्कुको सहयोगले वाँसका सामाग्री निर्माण गरि बिक्री वितरण समेत गर्दै आएका छन् । पढाईसंगसंगै सिप विकासमा जोड गर्दै आयआर्जन गर्ने लक्ष्यका साथ यो कार्यक्रम शुरु गरिएको हो । बाँसका सामाग्री निर्माणमा कक्षा ८ र ९ का विद्यार्थी संलग्न छन् ।

विद्यालयमा बेलावखतमा हुने औपचारिक कार्यक्रममा समेत विद्यार्थीद्धारा निर्माण गरिएका वाँसका सामाग्री अतिथिहरुलाई मायाको चिनो प्रदान गरिदै आएको विद्यालयका सहायक प्रधानाध्यापक कमल आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार विद्यार्थीको पढाईलाई पहिलो प्राथमिकता दिंदै फुर्सदिलो समयमा उत्पादित सामाग्री पोखरा र आसपासमा हुने विभिन्न मेला महोत्सवमा स्टल राखेर विक्रि वितरण गर्दै आएको छ । अन्तराष्ट्रिय पर्वतीय संग्रहालयमा आयोजित पर्वतीय महोत्सवमा १६ हजार मूल्य वरावरको सामाग्री विक्री गरिएको उहाँको भनाई छ ।

**विद्यालयको ४५ औं बार्षिकोत्सव**

जानकी माध्यमिक विद्यालयको ४५ औं बार्षिकोत्सव तथा अभिभावक दिवस पुरस्कार वितरण कार्यक्रम आज सम्पन्न भएको छ ।

गण्डकी प्रदेशका प्रदेश सभा सदस्य भिमबहादुर कार्कीले बार्षिकोत्सवको उद्घाटन गर्दै समाज र राज्यको ठूलो लगानी भएका सामुदायिक विद्यालयले भौतिक विकाससंगै गुणस्तरीय शिक्षामा जोड दिनु पर्ने आवश्यकता औल्याउनुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा १९ का वडाअध्यक्ष राधिका शाही योगी, विभिन्न राजनैतिक पार्टी प्रतिनिधि, अक्षयकोषदाता, छिमेकी विद्यालयका व्यवस्थापन एवम् प्रधानाध्यापक लगायत बिभिन्न शिक्षाप्रेमी, सामाजिक व्यक्तित्वहरुले शिक्षाको महत्व माथि चर्चा गर्नुभएको थियो ।

विद्यालयका प्रधानाध्यापक अर्जुन कडेलले बार्षिक प्रगति र कोषाध्यक्ष अमित वानियाले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको कार्यक्रममा विद्यार्थीद्धारा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो । सो अवसरमा शैक्षिक तथा अतिरिक्त कृयाकलापमा प्रथम, द्धितीय र तृतीय हुन सफल विद्यार्थीलाई पुरस्कार तथा मेडल वितरण गरिएको थियो ।

# एक सय ५० देशका राष्ट्रगान गाउने रामजीको 'विश्व यात्रा'

पोखरापत्र संवाददाता

बागलुङ, २४ माघ

चोक-चोकका चिया पसलमा होस् वा मेला महोसत्व होस् राष्ट्रगान गुनगुनाउने रामजी नेपालीको लतै बनिसक्यो । उहाँ नेपालको मात्रै होइन विभिन्न एक सय ५० भन्दा बढी देशका राष्ट्रगान गाउनुहुन्छ ।

उहाँले हालसम्म ११ वटा देश पुगेर ती देशका राष्ट्रगान गाइसक्नुभएको छ । विश्वका सबै देशको राष्ट्रगान गाउने तयारीमा रहनुभएका उहाँ हाल ८२ देशका गान गाउने तयारीमा हुनुहुन्छ । जिल्लाको बागलुङ नगरपालिका-६ का ४३ वर्षीय नेपालीले राष्ट्रगान गाउँदै विश्व यात्रामा हिँडेको आठ वर्षभयो जसले उहाँलाई विश्वयात्रीका रूपमा स्थापित बनाइसकेको छ ।

सन् २०१५ देखि विभिन्न देशको राष्ट्रगान गाएर विश्व यात्रा थाल्नु भएका नेपाली अहिलेसम्म युरोपका विभिन्न देश, युएई, भारत गरी ११ देशको यात्रा गरिसक्नु भएको छ । उहाँले जुन देशमा पुग्नुहुन्छ, उही देशकै भाषमा राष्ट्र गान गाउँनुहुन्छ । पछिल्लो २५ वर्षदेखि नेपाली गीत सङ्गीतमा आबद्ध उहाँले राष्ट्रगानमार्फत् विश्वबन्धुत्वलाई थप बलियो बनाउने बताउनुभयो ।

नेपाललाई अन्तर्राष्ट्रिय पर्यटनसँग जोड्नका लागि आफूले विश्वका विभिन्न देशको राष्ट्रगान गाउँदै हिँडेको बताउनुभयो । "हाम्रो देश नेपालमा कैयन धार्मिक तथा पर्यटकीय ठाउँ छन्, अहिलेसम्म यी ठाउँमा अन्तर्राष्ट्रिय पर्यटक आउन सकेका छैनन्, उनीहरूलाई नेपाल ल्याउन, यहाँको पर्यटनलाई विश्वसँग जोड्नका लागि विश्व यात्रा थालेको हुँ", उहाँले भन्नुभयो, "विगतमा नेपालीका लागि गाउँथे भने आज विश्वका मानिसका लागि गाइरहेको छु ।"

संसार सामू नेपाल चिनाउनका लागि आफूले विश्वयात्रा तय गरेको नेपालीको भनाइ छ । राष्ट्रगानले विश्वलाई एक ठाउँ जोड्ने हुँदा आफू यो अभियानमा लागेको उहाँले बताउनुभयो । राष्ट्रगानले आत्मियता बढाउने र भाइचाराको सम्बन्ध बढाउने उहाँको अनुभव छ ।


**नामथर फरक परेतापनि ब्यक्ति एउटै भएको सूचना**



स्याङ्जा जिल्ला हरिनास गाउँपालिका वडा नं. ०६ निवासी भारतीय भू.पू. सैनिक नं. ५७३७०३७ सोहविर रानाकी छोरी दलमाया रानाको नेपाली नागरिकताको प्रमाण पत्रमा नामथर दलमाया राना भएको साथै निजको भारतीय पेन्सन अभिलेखमा छोरी को नामथर दम माया राना उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर भए तापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका ०६ नं. वडा कार्यालयको च.नं. ५०१, मिति २०७९।१०।०३ को पत्रबाट लेखी आएकाले सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नाम थर र जन्म मिति फरक परेको सूचना**



स्याङ्जा जिल्ला फेदिखोला गाउँपालिका वडा नं. १ निवासी भारतीय भू. पू सैनिक नं. ५७५०८८७ का नायक भिम बहादुर थापाको श्रीमती मिना कुमारी थापाको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर मिना कुमारी वि.क. जन्म मिति वि.सं. २०३०/६/१ तदनुसार ई.सं. १७ अक्टोबर १९७३ उल्लेख भएको र निजको पतिको सैनिक सैनिक अभिलेखमा निजको नाम थर मिना कुमारी थापा जन्म मिति ई.सं. १२-०१-१९६९ तदनुसार वि.सं. २०२५/९/२९ भई फरक फरक नाम थर र जन्म मिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका १ नं. वडा कार्यालयको च.नं. १६६ मिति २०७४/०७/२२ को पत्रबाट लेखी आएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**SURYA BLENDERS PVT LTD**

**Tanahu, Nepal**

**मुल्य सुची सम्बन्धमा सुचना**

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डहरुको मदिरा नेपाल अधिराज्य भित्र विक्री वितरण गर्न आ. व. ०७९।०८० का लागि मिति २०७९।१०।२५ देखि लागू हूने गरी निम्न बमोजिम मुल्य प्रकाशित गरिएको हूंदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित मुल्यमा अन्तःशूल्क, मु. अ. कर र अन्य शूल्क समेत समावेश गरिएको छ ।

| मूल्य बिवरण (प्रती कार्टून) | Arrow Extra Strong 70 UP 300 ML | XCITE GOLD 70 UP 300 ML |
|---|---|---|
| नेशनल डिष्ट्रिब्यूटर्स मुल्य | १,१७०।०० | १,०६०।०० |
| नेशनल डिष्ट्रिब्यूटर्स कमिशन | ३०।०० | ३०।०० |
| डिष्ट्रिब्यूटर्स मुल्य | १,२००।०० | १,०९०।०० |
| डिष्ट्रिब्यूटर्स कमिशन | ५०।०० | ५०।०० |
| होलसेल मुल्य | १,२५०।०० | १,१४०।०० |
| होलसेल कमिशन | ४०।०० | ४०।०० |
| रिटेल मुल्य | १,२९०।०० | १,१८०।०० |
| रिटेल कमिशन | १२०।०० | ११०।०० |
| उपभोक्ता मुल्य | १,४१०।०० | १,२९०।०० |
| उपभोक्ता मुल्य प्रती बोतल | ४७।०० | ४३।०० |

नोटः उपरोक्त बिक्री मूल्यहरुमा ब्यपारीक एवं अन्य छूटहरु समाबेस गरिएकोले आवश्यकता अनूसार बिभिन्न तहमा ब्यपारीक एवं छूटहरु र हाल अनूमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ । नगद छूटको हकमा पनि कम्पनीको अधिकृत बिक्रेताहरुले तथा अन्य तोकिएका बिक्रेताहरुले कम्पनीले तोके बमोजिम मात्र कमिशन प्राप्त गर्नूपर्नेछ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

